नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
धनकुटा

प.सं.:- २०७९/०८०

मिति :- २०८०/०३/०३

# सूचना ! सूचना !! सूचना !!!

मिति २०८० असार ३ गते विहानको समय देखि संखुवासभा, तेह्रथुम, पाँचथर र ताप्लेजुङ जिल्लामा परेको अविरल वर्षाका कारण अरुण र तमोर नदीमा पानीको सतह सतर्कता तह भन्दा माथी पुगेको छ । जल तथा मौसम विभागले यस क्षेत्रमा अझै केही दिन भारी वर्षा हुन सक्ने जनाएकोले नदी तथा खोलाको किनारा र जोखिमपूर्ण क्षेत्रमा बसोबास गर्ने, नदी किनारामा जीविकोपार्जनका काम गर्ने व्यक्तिहरुलाई तत्काल त्यस्तो क्षेत्रमा नवसी सुरक्षित स्थानमा जानुहुन अनुरोध छ । साथै जोखिमपूर्ण स्थानमा रहेका/बसेका व्यक्तिहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने कार्यमा सहयोग गर्न जिल्ला भित्रका सबै स्थानीय तह, राजनीतिक दल र सामाजिक संघ संस्थाहरुलाई समेत अनुरोध छ ।

८०।३।३

नि. प्रमुख जिल्ला अधिकारी

**निमित प्रमुख जिल्ला अधिकारी**

"व्यावसायिक र सृजनशील प्रशासनः विकास, समृद्धि र सुशासन"
फोन नं.:०२६-५२२१३१, ०२६-५२२१३२ daodhankuta@gmail.com,
web-www.daodhankuta.moha.gov.np